नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, ललितपुर

## लिलाम बिक्रीसम्बन्धी सूचना नं.०१

(प्रथम पटक प्रकाशित मिति २०८१/०१/२६)

यस कार्यालयमा रहेका तपशिलमा उल्लिखित पुराना मालसामानहरु जे-जस्तो अवस्थामा छन्, सोही अवस्थामा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०८ को उपनियम १(क) बमोजिम लिलाम बढाबढबाट बिक्री गर्नुपर्ने भएकोले लिलाम सकार गर्न इच्छुक फर्म, व्यक्ति वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

### लिलाम हुने मालसामानको विवरण

<table>
<tr><th>क्र.सं.</th><th>लिलाम हुने मालसामानको विवरण</th><th>न्यूनतम मूल्य (मु.अ.कर बाहेक)</th><th>राजस्व दस्तुर (रु.)</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिक्स सामानहरु (कम्प्युटर, प्रिन्टर, फ्याक्स मेशिन लगायतका सामानहरु)</td><td rowspan="2">४८,२०९.६०</td><td rowspan="2">१,०००.००</td><td rowspan="2"></td></tr>
<tr><td>२.</td><td>फर्निचर सामानहरु (सोफा, दराज, कुर्सी लगायतका सामानहरु)</td></tr>
</table>

**शर्तहरु:**

१) **लिलाम बढाबढ हुने स्थान समय र मिति:**

- क) **स्थान:** जिल्ला प्रशासन कार्यालय ललितपुरको सभाहल
- ख) **मिति:** २०८१/०२/०१
- ग) **समय:** दिनको ३ बजे

२) लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम मूल्यबाट सुरु हुनेछ ।लिलाम बढाबढमा सहभागी हुन इच्छुकले मिति २०८१/०२/०१ गते दिनको १२:०० बजेभित्र कम्पनि वा फर्मको हकमा दर्ता प्रमाणपत्र, आ.ब.२०७९/०८० को कर चुक्ता प्रमाणपत्र संलग्न राखी र व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी यस कार्यालायमा निवेदन दर्ता गरी सक्नुपर्नेछ ।

३) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मूल्य रु.४८,२०९.६० को ५ प्रतिशतले हुने रु.२,४११.०० नगद धरौटी राख्नुपर्नेछ ।

४) प्रत्येक पटक डाँक बोल्न चाहने व्यक्तिबाट डाँक बढ्दै गएमा सोही अनुपातमा थप मूल्यको पाँच प्रतिशतले हुन आउने नगद धरौटी थप गर्दै जानुपर्नेछ ।

५) लिलाम बढाबढ हुने सम्पति तथा मालसामान हेर्न चाहने व्यक्ति तथा फर्मले मिति २०८१/०१/३१ गतेसम्म कार्यालय समयको १ बजेदेखि ५ बजेसम्म स्टोर शाखामा सम्पर्क गरी हेर्न सकिनेछ ।

६) लिलाम कबोल/सकार गरेको मूल्यमा मु.अ.कर थप लाग्नेछ । लिलाम सकार गरेको सम्पति तथा जिन्सी मालसामानको कबोल अंक यस कार्यालयको राजस्व खातामा जम्मा गरे पश्चात सम्झौता भएको मितिले ७ दिनभित्र उठाई लैजानु पर्नेछ ।

...ायक प्रमुख जिल्ला अधिकारी

७) लिलाम बढाबढ हुने दिन सार्वजनिक बिदा पर्न गएमा लगत्तै खुलेको अर्को दिनमा सोही स्थान र समयमा लिलाम बढाबढ हुनेछ ।

८) सो डाँक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने व्यहोरा समेत जानकारी गराइन्छ ।

९) यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा प्रचलित ऐन, कानुन बमोजिम हुनेछ ।

लिलाम बिक्रीसम्बन्धी सुचनाको शर्त तथा अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट www.daolalitpur.moha.gov.np मा हेर्नुहुन अनुरोध छ ।

सहायक प्रमुख जिल्ला अधिकारी